साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७६/०७७

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal

## "शिक्षण सिकाइमा ICT को प्रयोग" सम्बन्धी कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

**पहिलो पटक प्रकाशित मिति २०७६/१०/२७**

प्रस्तुत विषयमा आ.व. २०७६/०७७ मा सशर्त अनुदान तर्फ विनियोजित बजेटबाट यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक माध्यमिक विद्यालयहरुमा **शिक्षण सिकाइमा ICT को प्रयोग** कार्यक्रमको लागि सामुदायिक माध्यमिक विद्यालयहरु छनौट गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्र सञ्चालित इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुबाट प्रस्ताव माग गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा देहाय बमोजिमको शर्त पालन गर्ने गरी निम्नानुसारको आवश्यक कागजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निम्न :

१.प्रस्ताव पेश गर्ने विद्यालयमा इन्टरनेटको पहुँच भएको तथा विद्युतको नियमित आपूर्ति भएको हुनुपर्नेछ ।

२.विद्यालयले माध्यमिक तहमा गणित, अंग्रजी र विज्ञान विषय पढाइरहेका, कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

३.छनौट भएको विद्यालयलाई शिक्षण सिकाइमा ICT को प्रयोग कार्यक्रमको लागि कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यालयबाट रु ६,५०,०००।०० (अक्षरेपी छ लाख पचास हजार रुपैया) एकमुष्ठ उपलब्ध गराइनेछ ।

४.गत वर्ष सम्म सूचना प्रविधि प्रयोगशाला निर्माणका लागि अनुदान प्राप्त गरेका विद्यालय, सूचना प्रविधि प्रयोगशाला निर्माणको लागि सम्झौता भएका विद्यालयलाई यो कार्यक्रममा सहभागी गराइने छैन ।

५.प्रस्ताव पेश गर्दा गत आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत